जनकपुरधाम उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## मधेश प्रदेश

जनकपुरधाम,धनुषा

---

### बोलपत्र आह्वान को सूचना

प्रकाशित मितिः-२०८०/०४/०१

नगर क्षेत्रभित्रको विज्ञापन कर सामग्रीहरुको विज्ञापन कर असुल उपर गर्न आर्थिक ऐन २०७८ को दफा(८) को अनुसुची (७) बमोजिम शिलबन्दी बोलपत्र आह्वान गरिएकोले ईच्छुक विज्ञापन एजेन्सी बाट निम्म शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

- मुल्य अभिवृद्धि करमा दर्ता भई कर चुक्ता भएको विज्ञापन एजेन्सीले मात्र बोलपत्र लिन पाउनेछ ।
- यो सुचना प्रकाशित मितिले ३०(तिस) दिन भित्र यस कार्यालयबाट रु.३०००.०० (अक्षरेपी रु.तीन हजार मात्र) तिरी निवेदन सहित मिति २०८०/०४/३० गते दिनको ५:०० बजे सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।
- ज.उ.म.न.पा.अन्तर्गत लाग्ने विज्ञापन कर ज.उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले असुल उपर गर्न पाउनेछ ।
- ठेक्का कबुल अंकको नेपाली विज्ञापन एजेन्सीले ५% रकम यस कार्यालयको रा.वा.बैंक जनकपुरधाम (भानु चौक शाखा) मा रहेको यस ज.उ.म.न.पा.को धरौटी खाता नं.१२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भाउचर बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
- ठेक्का स्वीकृत भएपछि कबुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ जस मध्ये पहिलो किस्ता वापतको रकम सम्झौता हुनु पुर्व तथा अन्य किस्ता वापतको बैंक ग्यारेण्टी बुझाए मात्र सम्झौता गरिनेछ ।
- नेपाल सरकार लाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्नेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन,करारनामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहनेछ ।
- बोलपत्र भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी शिलबन्दी लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि विज्ञापन करको शिलबन्दी टेण्डर मिति २०८०/४/३१गते दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।
- बोलपत्र फारम मिति २०८०/४/३१ गते दिनको २ बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ, उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि टेण्डर खोलिने कार्य रोकिने छैन ।
- ठेकेदार तथा ज.उ.म.न.पा बिचकुनै किसिमको मतभिन्नता भएमा ज.उ.म.न.पा.को निर्णय अन्तिम हुनेछ ।
- यसम नपरेका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- ठेक्का अवधि आ.व.२०८०/०८१ आषाढ मसान्त सम्मको लागी कायम रहनेछ ।
- बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८०/४/३० गते र बोलपत्र दर्ता मिति २०८०/४/३१ गते सार्वजनिक विदा परेको खण्डमा सोको भोली पल्ट उक्त कार्यहरु सम्पादन गरिनेछ ।
- आ.व.२०८०/०८१ को लागी न्युनतम कबोल रकम रु.३१०००००.००( रु.एकतिस लाख मात्र) कायम गरिएको छ ।
- कानुनले निषेध गरेका विज्ञापन सामग्री विज्ञापन गर्न पाउने छैन ।
- यस उपमहानगरपालिका ले जानकी मन्दिर लाई विश्व सम्पदा सुचीमा सुचिकृत गर्न तोकिएको प्रस्तावित सम्पदा क्षेत्रभित्र कुनै किसिमको विज्ञापन गर्न गराउने कार्य पुर्ण रुपले निषेध गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत